# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

### २०७७/१२/१२

### सातौं अधिवेशन

### (बाह्रौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको बाह्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले प्रदेश सभामा उठान भएका प्रश्नहरु र मन्त्रालयले चालु आ.व. मा गरेका क्रियाकलापहरुको बारेमा जानकारी गराउन समय माग गर्नुभएकाले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम २ बमोजिम प्रश्नहरुको जवाफ दिन समय प्रदान गर्दछु ।

माननीय सभामुख महोदयप्रादेशिक स्त ,रमा शिक्षायुवा तथा खेलकुद महिला बालबालिका ,स्वास्थ्य , मा २०७४ भाषा संस्कृति श्रम तथा रोजगारका क्षेत्रहरुमा प्रदेश सरकार कार्य विभाजन नियमावली उल्लेख भए बमोजिमका क्षेत्राधिकार भित्र रही सामाजिक विकास मन्त्रालयले कार्य सम्पादन गर्दै आइरहेको व्यहोरा सम्मानीत सदनलाई जानकारी नै छ । मन्त्रालय र मातहतका निकायले चालु आर्थिक बर्षमा र हाल सम्म गरेका र सदनमा उठेका विषयहरु माथि सम्मानीत सदनलाई जानकारी गराउन चाहान्छु ।

माननीय सभामुख महोदय-सामाजिक विकास मन्त्रालयले प्रदेशमा कोभिड ,१९ रोकथाम नियन्त्रण र व्यवस्थापनको क्षेत्रमा प्रदेश सरकार र सरोकारवाला निकायहरु सँग निरन्तर छलफल र समन्वय गरी आवश्यक नीति तर्जुमा एवं कार्यान्वयन गर्दै आइरहेको छ । मन्त्रालयबाट कोभिड रोग नियन्त्रण गर्न मुख्य गरी संस्थागत संरचना निर्माणप्रयोगशाला स्थापना एवं कोरोना नमुना सं ,जनचेतना अभिवृद्धि ,कलन परिक्षणक्वारेन्टाइ तथा आइसोलेसन व्यवस्थापनमा सहयोग संक्रमितहरुको उपचार लगायतका , कार्यहरुमा संघीय सरकार र स्थानीय तहसँग समन्वय गर्दै कार्यहरु गर्दै आइरहेको कुरा सर्वविविधै छ सैयाको कोभि ५० प्रदेश सरकारले सेती प्रादेशिक अस्पताल र महाकाली अस्पताल अन्तरगतड उपचार विशेष अस्पताल संचालनमा ल्याएको छ । सेती प्रादेशिक अस्पतालमा थप ५० सैयाको कोरोना अस्पताल निर्माणको लागि टेण्डर भै सम्झौता पनि भैसकेको र संघीय सरकारबाट त्यो भवन निर्माण गर्ने ठाउँमा त्यहाका रुख हटाउन अनुमति समेत प्राप्त भैसकेको हुदा चाडै कार्य सम्पन्न हुने छ टीकापुर र ६ वटा जिल्ला अस्पतालहरुमा १० सैयाको महामारी विशेष उपचारको लागि संरचना तयार गर्ने कार्य शुरु

गरिएको छ । कोरोना विशेष उपचारको लागि २० वटा भेण्टीलेटर खरिद गरेर अस्पतालहरुमा पठाई सकिएको र प्रदेश सरकार अन्तरगतका अस्पतालहरुमा १२५ वटा एजडियु खरिद गर्न सम्झौता भइ आपूर्ति हुने चरणमा छ । माननीय सभामुख महोदय ६२ लाख २ गते सम्म ११।१२।२०७७ मिति , ७६ हजार १४ जनाको कोरोनाको लागि नमूना संकलन गरेका छौ जस अन्तरगत ९३ सय ३ हजार जना कोरोना मुक्त ९९ सय ९ हजार १३ जनामा कोरोना संक्रमण पोजेटीभ देखिएको थियो जस मध्य हुनु भएको छ भने ५६ जनाले दुखद् मृत्यूबरण गर्नु परेको थियो । म प्रदेश सरकार र व्यक्तिगत तर्फबाट सम्मानीत सदन मार्फत दिवंगत आत्माको चिरशान्तिको कामनाको साथै सोक सन्तप्त परिवार जनमा हार्दिक समवेदना समेत व्यक्त गर्न चाहान्छु । हाल कोभिडको व्यवस्थापनको लागि १९- ९ वटा जिल्लाको ८५ वटा आइसोलेसन स्थानमा २२६५ वटा आइसोलेसन बेड रहेका छन् अहिले संस्थागत आइसोलेसनमा ४ जना व्यक्तिहरु बसिरहेका छन् भने आइसियु र भेन्टीलेटरमा राखि उपचार गर्नु पर्ने कोरोना संक्रमितको संख्या आजका मितिसम्म शुन्य छ । माननीय सभामुख महोदयअब म कोभि ,ड१९ विरुद्धको खोपको विवरण प्रस्तुत गर्न चाहान्छु । २०७७ माघ १४ गते देखि माघ २४ गते सम्म पहिलो चरणको पहिलो प्राथमिकता १४८८५ स्वास्थ्यकर्मी महिला स्वास्थ्य स्वंयसेविका र सरसफाइकर्मी र खोप केन्द्रमा खट्नु भएका सुरक्षाकर्मी र स्वंयसेवकहरुलाई खोप लगाएका थियौ । पहिलो चरणको दोस्रो प्राथमिकतामा मिति २०७७ फाल्गुन २ गते देखि १० गते सम्म २३४१७ कारागारका बन्दी , सीमा नाकामा खटीनु हुने सशस्त्र प्रहरी र संचारकर्मीहरुलाई ,बैंकका कर्मचारी ,कर्मचारी ,जनप्रतिनिधी गते देखि २३ खोप लगाएका थियौ । खोप अभियानको दोस्रो चरणमा फाल्गुन चैत्र ३ गते सम्म ६५ बर्ष भन्दा माथि र पहिले छुटेका स्वास्थ्यकर्मीहरु १ लाख ५३ हजार ६ सय ५६ जनालाई गरी जम्मा १ लाख ९१ हजार ९ सय ८५ जनालाई कोरोना विरुद्धको खोप लगाइसकिएको छ । भारतमा केही दिन यता कोरोना संक्रमण बढ्दो क्रममा देखिएकोले विशेष गरी कैलालीकंचनपु ,रबैतडी र दार्चुला , जिल्लाका सीमा नाकामा हेल्थ डेस्कको प्रभावकारी संचालनमा जोड दिई कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा मन्त्रालय र मातहतका सम्पूर्ण निकायहरु कार्यरत रहेको कुरा सम्मानीत सदन मार्फत जानकारी गराउन चाहान्छु माननीय सभामुख महोदय अब म सामाजिक विकास मन्त्रालयका मुख्य क्षेत्र अन्तरगत क्रियाकलापहरुको कार्य अवस्थाको बारेमा जानकारी गराउन चाहान्छु । हाल मन्त्रालयको चालु र पूजीगत तर्फ कुल वित्तीय प्रगति करिब २७ प्रतिशत रहेको छ । प्राय योजनाहरु भौतिक पूर्वाधार निर्माणस्वास्थ्य भव ,औजार उपकरण खरिद ,न निर्माणखेलमैदान ,विद्यालय भवन निर्माण , निर्माण लगायतका रहेकोले सम्झौता भइ कार्यान्वयनको चरणमा रहेका र भुक्तानी हुन बाँकी रहेकोले चालु आर्थिक बर्षको अन्त्य सम्ममा लक्ष्य अनुरुपको वित्तीय प्रगति हासिल हुने कुरामा विश्वास दिलाउन चाहान्छु । माननीय सभामुख महोदय स्वास्थ्य तर्फ प्रदेश मन्त्रालय मातहतका अस्पतालहरुबाट विरामीलाई दिइने सेवा सुधार केन्द्रीत कार्यहरु गरिरहेका छौ सेती प्रादेशिक अस्पताल अन्तरगत ट्रमा युनिट स्थापनाको कार्य प्रारम्भ गरिएको छ । टीकापुर अस्पतालमा ५० सैयाको सरुवा रोग अस्पताल स्थापना एवं संचालनको प्रारम्भिक कार्यहरु शुरु गरिएको छ । सेती प्रादेशिक अस्पतालमा सिटी स्क्यान मेशिन खरिदको लागि सम्झौता गरिसकिएको छ । संघीय सरकारको समन्वयमा सेती प्रादेशिक अस्पतालमा एमआरआइ मेशिन खरिद गर्ने तयारी भैरहेको छ । सेती प्रादेशिक अस्पताल टीकापुर र

महाकाली अस्पतालमा थप अक्सिजन प्लान्ट स्थापना गर्ने र दुइ वटा अत्याधुनिक प्रकारका टायप ए एम्बुलेन्स खरिद गर्ने तयारीमा छौ । माननीय सभामुख महोदय सेवाग्राहीको अहिलेको आवश्यकतालाई मध्यनजर गर्दै अस्पताल र आयर्वेद चिकित्साको समय सापेक्ष पूर्ण संरचना निर्माण गर्न सैद्धान्तिक सहमति प्राप्त भइ संगठन र संरचना सर्वेक्षण कार्य शुरु गरेका छौ । अछाममा रहेको न्याय हेल्थ बयलपाटा अस्पतालको स्वामित्व सामाजिक विकास मन्त्रालय हस्तान्तरण गरिदिन हुन भनी नेपाल सरकार सँग समन्वय गरिरहेका छौ । नेपालको संविधानले निशुल्क आधारभूत स्वास्थ्य सेवा स्थानीय तह मार्फत प्रदान गर्ने कुराको प्रत्याभूति गर्ने गरेता पनि प्रदेश मातहतका जिल्ला अस्पतालहरुबाट ७० किसिमका निशुल्क औषधी वितरण गर्दै आइरहेका छौ भने स्थानीय तहहरुलाई पनि आधारभूत स्वास्थ्य सेवा प्रवाहमा सहजीकरण गरिरहेका छौ । ९ वटै जिल्लाका स्वास्थ्य कार्यालय मार्फत कोभिड खोप सम्बन्धी कार्यहरु स्वास्थ्य संस्थाको पहुच भन्दा टाढा रहेका बस्तीहरुमा प्रसुती केन्द्र भवन शहरी स्वास्थ्य केन्द्र र समुदायि स्वास्थ्य भवन निर्माण कार्यहरु अघी बढी रहेका छन् र साथै प्रदेश स्वास्थ्य नीति निर्माणको पनि अन्तिम चरणमा पुगेको छ । माननीय सभामुख महोदय प्रदेश सरकारका जिल्ला स्थित शिक्षा युवा तथा खेलकुद महिला तथा बालबालिका लगायतका क्षेत्र अन्तरगतका योजनाहरु कार्यान्वयन गर्नको लागि ९ वटै जिल्लामा सामाजिक विकास कार्यालय स्थापना एवं संचालन गरिसकेका छौ । चालु आर्थिक बर्षमा महेन्द्र माजयकोट मावि पञ्चेश्वर ,चारपिपल बैतडी ,गडाकेदार .वि.केदार मा ,खलंगा दार्चुला .वि. ३ बाजुरा जिल्लामा ,बझाङ ,गाउँपालिका बैतडीका भवन निर्माणाधिन अवस्थामा रहेका छन् । दार्चुला वटा अनाथ असहाय बालबालिकाको शैक्षिक पहुचको लागि विद्यालयमा आवश्यक संरचना निर्माणाधीन रहेको छ । त्यसै गरी विभिन्न ६ वटा स्थानमा सामुदायिक प्राविधिक धारका विद्यालयहरुमा छात्रावास निर्माणाधिन अवस्थामा रहेको छ । १६ वटा क्याम्पसहरुलाई पुस्तकालय व्यवस्थापन अनुदान दिएको छ भने १० वटा क्याम्पसहरुमा फर्निचर सहित नयाँ भवनहरु निर्माणाधिन अवस्थामा रहेका छन् । प्रदेश सरकारको पहलमा एकिकरण र समायोजन भै आएका ३ वटा विद्यालयहरुमा ठुला संरचना निर्माणको कार्य अगाडी बढाइएको छ भने बौद्धिक अपांगताको पूर्वाधारयुक्त विशेष विद्यालय निर्माण कार्य महाकाली माध्यामिक विद्यालय बेलौरी कंचनपुरमा अघी बढाइसकिएको छ । माननीय सभामुख महोदय विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फ १३८ वटा २ कोठे भवनकोठे भवन ४ वटा १०४ ,, ८७ वटा छात्रा शौचालय निर्माण कार्य प्रारम्भ गरिसकिएको छ । ९ वटा क्याम्पस र ६४ वटा सामुदायिक विद्यालयहरुमा पठन पाठनलाई प्रविधिमैत्री बनाउन आइसिटी अनुदान दिइसकेका छौ । त्यसै गरि ३७ वटा सामुदायिक विद्यालयहरुमा विद्यालय मर्मतका लागि सम्झौता भइ कार्यान्वयनको चरणमा छन् । त्यसै गरि ३२ वटा निर्वाचन क्षेत्रमा खेलकुद मैदानको स्तरोन्नती तथा निर्माणमा ६ करोड ४० लाख विनियोजन भएको मध्ये २६ वटामा सम्झौता भइ कार्य अगाडी बढी सकेको छ । धनगढी रंगशालाको निर्माण तथा स्तरोन्नतीका लागि सम्झौता भैसकेको छ । ९ वटै स्वास्थ्य कार्यालयमा अपांगता भएका व्यक्तिहरुका निम्ती ह्वील चियर कृतिम हातखुट्टा लगायतका सहायक सामाग्री वितरण गरेका छौ । साथै हिजो मात्रै ढुवानी व्यवस्थापनको सम्पूर्ण खर्च मन्त्रालयले बेहोर्ने गरी १५ वटा स्पोट ह्वील चियर १५ , वटा साइकल वितरण गरेका छौ । सामाजिक विकास कार्यालयहरु मार्फत महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन हुने गरी प्रारम्भिक कार्य शुरु गरिसकिएको व्यहोरा पनि सम्मानीत सदन मार्फत

जानकारी गराउन चाहान्छु । व्यवसायिक तथा सीप विकास तालिम केन्द्र धनगढी र महेन्द्रनगरबाट १४६४ जना महिला र ७९७ जना पुरुषलाई छोटो अवधीका तालिम क्षमता अभिवृद्धि कार्य अगाडी बढाइसकिएको छ । माननीय सभामुख महोदयभर्खरै मात्र यस सम्मानीत प्रदेश सभाले प्रदेश , पारि २०७६ बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकत गरिसकेको र दलित सशक्तिकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७७ छलफलमा रहेको व्यहोरा अवगत नै छ । प्रदेश सरकारले प्रदेश खेलकुद परिषद गठन गरिसकेको छ भने प्रदेश युवा परिषद गठन हुने चरणमा रहेको छ । विपद्मा रहेका विद्यालयहरुलाई सशस्त्र अनुदान शिर्षकमा संघीय सरकारबाट रकम प्राप्त भएको हुना उक्त विद्यालयहरुको पुनस्थापनाको लागि अनुदान रकम पठाउने अन्ति तयारी भैरहेको सम्मानीत सदनलाई जानकारी गराउन चाहान्छु । माननीय सभामुख महोदयप्रदेश सरकार सामाजिक विकास , मन्त्रालय आफ्ना हरेक क्रियाकलापहरुमा पारदर्शिता स्पष्टता रजवाफदेहीता प्रति सबै सदैव संवेदनशिल रहने कुरा सम्मानीत सदनमा राख्दै कोरोना संक्रमणको दोस्रो भेल आउन सक्ने सम्भावनालाई मध्यनजर गर्दै प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोभिडव्यवस्थापन र यसले पार्न सक्ने सम्भावित १९- असर न्यूनीकरणका लागि दीर्घकालिन रणनितिका साथ लागि परेको र कोभिडनियन्त्रण तथा १९- व्यवस्थापन क्वारेन्टाइन, आइसोलेसनप्रयोगशाला तथा उपचार सम्बन्धी संघीय सरकारबाट प्राप्त नीति , ,निर्देशिका अनुसार समेत कार्य सम्पादन गरिरहेको जानकारी गराउदछु । हाल घरायसी क्वारेन्टाइन आइसोलेसन र उपचारमा ,क्वारेन्टाइन रहेका सम्पूर्णलाई सरकारले दिएका सुझावहरुको धैर्यताका साथ उच्च मनोवल सहित सावधानी अपनाइ कोरोना संक्रमण रोकथामका लागि नेपाल सरकारले जारी गरेको जनस्वास्थ्यका मापदण्डहरुको निर्दिष्ट रुपमा पालना गरिदिन हुन समेत अनुरोध गर्दै प्रदेशमा कोभिड १९- व्यवस्थापन कार्यको लागि खटिइ रहनु भएका स्वास्थ्यकर्मीस्वंयसेवक एवं अन्य ,संचारकर्मी ,सुरक्षाकर्मी , सरोकारवालालाई प्रदेश सरकार एवं मेरो व्यक्तिगत तर्फबाट समेत सम्मानीत सदन मार्फत विशेष धन्यवाद तथा हार्दिक आभार व्यक्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयलाई संशोधन गर्न बनेको विधेयक  २०७६ प्रदेश लोकसेवा आयोग ऐन , माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सुचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूलाई हार्दिक धन्यवाद प्रदान गर्न चाहान्छु । प्रदेश लोकसेवा आयोग ऐनमा आयोगका अध्यक्ष र सदस्यलाई सपथग्रहण गराउने  २०७६ , सम्बन्धी व्यवस्था छुट हुन गई उक्त ऐनलाई संशोधन गर्न आवश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकरी गराउन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावलीबमोजि २ को उपनियम १०६ को नियम २०७४ ,म प्रदेश लोकसेवा ऐन  लाई संशोधन गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्दछु धन्यवाद । २०७६ ,

**माननीय सदस्यहरु,**

**"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको अहिलेको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक आजै आधा घण्टा पछि बस्ने भएकाले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।